**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ अक्तूबर २०२६

*समयः १५:१५ - १५:२० बजे (अवधिः ०५ मिनट)*

**असम - केन्द्रीय शिक्षा एवं पूर्वोत्तर क्षेत्र विकास राज्यमन्त्री**

केन्द्रीय शिक्षा एवं पूर्वोत्तर क्षेत्र विकास राज्यमन्त्री, सुकान्त मजुमदारले शीर्ष अधिकारीहरू, इन्जिनियरहरू र परियोजना ठेकेदारहरूको उच्च स्तरीय बैठकमा 5 सय करोड रुपियाँको आइजोल बाइपास परियोजनाको चलिरहेको निर्माणको समीक्षा गर्नुभयो। मन्त्री श्री मजुमदारले जनवरी २०२८ को निश्चित समय सीमा पूरा गर्न सबै कार्यान्वयन एजेन्सीहरू र ठेकेदारहरूलाई निर्माण गतिलाई उल्लेखनीय रूपमा गति दिन निर्देश दिनुभयो। विस्तृत समीक्षा वढी भूमि अधिग्रहणका मुद्दाहरू र चुनौतीपूर्ण हिमाली भू-भाग ढिलाइसहित महत्त्वपूर्ण अवरोधहरूमाथी प्रकाश पारिएको छ। निर्बाध कार्यान्वयन सुनिश्चित गर्न, मन्त्री श्री मजुमदारले परियोजनाको समयरेखालाई ट्र्याकमा राख्नको लागि कडा मासिक प्रगति-निगरानी ढाँचा बिकास गर्ने आदेश दिनुभयो।

**असम – शैक्षिक पोर्टल**

प्राथमिक विद्यालयका शिक्षकहरूलाई ठूलो राहतका रूपमा असम सरकारले अन्ततः उनीहरूको गैर-शैक्षिक कर्तव्यहरू आधिकारिक पोर्टलमा गणना गर्ने उनीहरूको मागलाई स्वीकार गरेको छ। समग्र शिक्षा, असम (एसएसए) का निर्देशक आयुष गर्गले असम राज्य प्राथमिक शिक्षक संघका प्रतिनिधिहरूसँग भएको बैठकमा यो घोषणा गर्नुभयो। असममा शिक्षकहरूले गरेका सबै अतिरिक्त र गैर-शैक्षिक कर्तव्यहरू शिक्षा सेतु पोर्टलमा रेकर्ड गरिनेछ, जसले अधिकारीहरूलाई शिक्षकहरूलाई तोकिएको गैर-शिक्षण कार्यको सीमाको आकलन गर्न सक्षम गर्दछ।

**असम -राईफल्स**

असम राइफल्सले अन्य कानून प्रवर्तन एजेन्सीहरूको समन्वयमा मिजोराममा तीन अलग-अलग कारवाहीमा लगभग ६.१९ करोड रुपिया बराबरको अत्यधिक लत लाग्ने मेथाम्फेटामाइन ट्याब्लेट, विदेशी निर्मित चुरोट र अवैध रूपमा तस्करी गरिएको युरिया खाद उद्धार गरेको छ र छ तस्कर र लागुपदार्थ व्यापारीहरूलाई पक्राउ गरेको छ।

**असम -नर्तक -आर्थिक सहयोग**

गत हप्ता आन्ध्र प्रदेशमा रेलवे ट्र्याकको छेउमा मृत फेला परेकी युवा नर्तकी हिमाश्री बोरोको परिवारलाई असम सरकारले एकपटक ५ लाख रुपैयाँ आर्थिक सहायता प्रदान गरेको छ। दिमोरियाका विधायक तपन दासले राज्य सरकारको तर्फबाट मुख्यमन्त्री राहत कोष अन्तर्गत शोक सन्तप्त परिवारलाई चेक हस्तान्तरण गर्नुभएको छ। हिमाश्री बोरो एक कार्यक्रममा भाग लिन असमिया नृत्य टोलीसँग विशाखापट्टनम गएकी थिइन्। डिब्रुगढ-कन्याकुमारी विवेक एक्सप्रेसमा एक्लै असम फर्कने क्रममा उनी लापता भएकी थिइन्। पछि तिनको शव श्रीकाकुलम जिल्लामा रेलवे ट्र्याकको छेउमा फेला परेको थियो।

**मणिपुर सरकार**

मणिपुर सरकारले हिज एक दिवशीय भाषिनी मणिपुर राज्यम कार्यशालामा बहुभाषी डिजिटल सेवाहरूको विस्तार, तकनिकी साझेदारीलाई सुदृढ गर्ने र युवाहरूका लागि रोजगारका अवसरहरू सिर्जना गर्नेमा ध्यान केन्द्रित गर्नेछ। कार्यक्रममा ईसेवा केन्द्रको उद्घाटन, माइक्रोसफ्टसँग एम.ओ.यू आदानप्रदान र एच.सी.एल.टेक टेकबी उम्मेदवारहरूको मान्यता समावेश हुनेछ। मुख्यमन्त्री युमनाम खेमचन्द सिंहले कार्यक्रममा भाग लिनुहुनेछ।, जसले सरकारी अधिकारीहरू र इलेक्ट्रोनिक्स र सूचना तकनिकी मन्त्रालय , राष्ट्रिय ई-गभर्नेन्स डिभिजन (एनईजीडी), भाषिनी, माइक्रोसफ्ट र एचसीएलटेकका प्रतिनिधिहरूलाई एकै मंचमा ल्याउनेछ।

**नागाल्याण्ड-खेल**

नागाल्याण्ड सरकारको युवा संसाधन एवं खेल विभागलाई यसको ग्रासरुट फुटबल फेस्टिभल -बेबी लिग को लागि प्रतिष्ठित स्कोच सिल्भर अवार्ड प्रदान गरिएको छ, जसले राज्यमा आधारभूत खेल विकासलाई बढावा दिन र बालबालिकाहरूमा खेल सहभागितालाई प्रोत्साहित गरेको छ। SKOCH पुरस्कार एक राष्ट्रिय मान्यता प्राप्त सम्मान हो जसले सामाजिक-आर्थिक विकासमा योगदान पुर्याउने प्रभावशाली पहलहरूलाई मान्यता दिँदै, शासन, नवीनता र सार्वजनिक सेवा वितरणमा उत्कृष्टतालाई मान्यता दिदछ । जुन २०२४ मा सुरु भएको ग्रासरुट फुटबल फेस्टिभल -बेबी लिग एक वार्षिक पहल हो जसको उद्देश्य बालबालिकाहरूलाई सानै उमेरमा फुटबलमा परिचित गराउनु र तल्लो स्तरमा खेल संस्कृतिलाई बढावा दिनु रहेको छ ।

**नागाल्याण्ड- हर्नबिल महोत्सव**

नागाल्याण्डले राज्यको सबैभन्दा ठूलो सांस्कृतिक कार्यक्रममध्ये एक प्रतिष्ठित हर्नबिल महोत्सवको २७ औं संस्करणको लागि तयारी शुरु गरेको छ, जुन राज्यको राजधानी कोहिमाबाट लगभग १२ किलोमिटर दक्षिणमा रहेको किसामाको नागा हेरिटेज भिलेजमा आयोजना हुनेछ। १ डिसम्बरमा नागाल्याण्डको राज्य स्थापना दिवससंगै शुरु हुने १० दिवशीय यो महोत्सव १ डिसम्बर देखि १० डिसम्बर सम्म मनाइनेछ। यस वर्षको हर्नबिल महोत्सवमा धैरै देशहरूले भाग लिने अपेक्षा गरिएको छ।

**मेघालय- जाच आदेश**

मेघालयको खासी विद्यार्थी युनियनले मेघालय पुलिसका कर्मचारीहरूले जिल्लाको मावखानु, थांगशलाई र डिएंगपासोहमा प्रति ट्रक २ सय देखि ५ सय रुपियाँ असुल गरिरहेको आरोप लगाएपछि पूर्वी खासी हिल्स जिल्ला प्रशासनले राजमार्ग नाकाहरूमा अवैध चन्दा असुलीको आरोपको मजिस्ट्रियल जाँचको आदेश दिएको छ। वरिष्ठ अधिकारी पिटर पासाहलाई ३१ अक्टोबर सम्म रिपोर्ट प्रस्तुत गर्ने जिम्मेवारी दिइएको छ।

**********